विस्तृत सुचना

प्रदेश सरकार

प्रदेश नं. ५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

रुपन्देही, नेपाल

**प्रस्ताव आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मितिः २०७७/०५/१६ गते

यस निर्देशनालयको आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत कार्यक्रम अन्तर्गत प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम हाइटेक मात्रमा सहभागी भई उच्च मूल्यमा जाने तरकारी तथा पुष्प उत्पादन गर्नका लागि यस प्रदेश भित्रका इच्छुक आवेदकहरुका लागि तोकिए बमोजिमका आवश्यक कागजातहरु संलग्न गरी शिलबन्दी प्रस्ताव पेश गर्न यो सूचना आह्वान गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी आएका प्रस्तावहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

तपसिल:

१. कार्यक्रमको नामः प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम हाइटेक मात्र

२. स्वीकृत बजेटः १ करोड।

३. सञ्चालन प्रक्रियाः प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ बमोजिम सञ्चालन हुने।

४. संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः

१. रु. १० को टिकट टाँसेको निवेदन

२. नेपाली नागरिकताको प्रतिलिपि

३. दर्ता, नवीकरण, कर चुक्ता, स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि

४. जग्गाको जग्गा धनि प्रमाण-पूर्जाको प्रतिलिपि (आवेदकको नाममा भए पनि वा भाडामा लिएको भएपनि)

५. जग्गा भाडामा लिएको भए करार/सम्झौता-पत्र

६. आवेदकको प्रवन्ध-पत्र वा विनियमावलीको छाँयाप्रति

७. कृषक समूह/कृषि सहकारीको हकमा प्रस्ताव पेश गर्ने र जिम्मेवार व्यक्ति तोक्ने निर्णयको छाँयाप्रती

८. संरचनाको डिजाइन तथा लेआउट एवं आपूर्तिकर्ताको कोटेशन/इष्टिमेट (एग्री नेटहाउस र नेचुरल्ली भेन्टीलेटेड पोलिहाउसको हकमा)

९. आवेदकसँग रहेको लगानीका श्रोतहरुको आधार (वित्तीय संस्थामा मौज्दात वा वित्तीय संस्थाको प्रतिवद्धता/ग्यारेन्टी पत्र वा अन्य भरपर्दो विवरण)

१०. प्रस्तावित संरक्षित संरचना स्थानीय तहको प्राथमिकतामा रहेको भनी सम्बन्धित स्थानीय तह वा स्थानीय तहको कृषि शाखाले दिएको सिफारिस पत्र

११. अनुसूची-२ अनुसारको व्यावसायिक योजना

१२. अनुसूची-३ बमोजिमको प्रतिवद्धता-पत्र र समान प्रयोजनको लागि कुनैपनि श्रोतबाट अनुदान नलिएको स्वघोषणा

५. आवेदकको न्यूनतम मापदण्ड तथा पालना गर्नु पर्ने शर्तहरुः

(क) आवेदकले गत आर्थिक वर्ष सम्म दर्ता भई स्थायी लेखा नम्बर लिएको, नियमितरुपमा लेखा परीक्षण गराएको र नियमानुसार कर चुक्ता गरेको हुनु पर्नेछ।

(ख) कृषक समूहको हकमा गत आर्थिक वर्षसम्समा दर्ता भएको र स्थायी लेखा नम्बर लिएको हुनु पर्नेछ।

(ग) नेचुरल्ली भेन्टिलेटेड पोलिहाउस तथा एग्रीनेट हाउस निर्माणको हकमा आवेदकको आफ्नै स्वामित्वमा पर्याप्त जग्गा भएको वा कम्तिमा १५ वर्षको लागि भाडामा लिएको हुनु पर्नेछ।

(घ) प्लाष्टिक घर/टनेल निर्माणको हकमा आवेदकको आफ्नै स्वामित्वमा प्रर्याप्त जग्गा भएको वा कम्तिमा ५ वर्षको लागि भाडामा लिएको हुनु पर्नेछ।

श्री सूचना प्रविधि शाखा (१४) वडा कार्यालय सर्व सूचना प्रकिवर जोगे

(ङ) जग्गाको जग्गा धनि प्रमाण-पूर्जाको प्रतिलिपि र भाडामा लिएको भए भाडामा लिएको सम्झौता-पत्र र जग्गा धनि प्रमाण-पूर्जाको प्रतिलिपि पेश गर्नु पर्नेछ।

(च) भौतिक पूर्वाधार निर्माणको हकमा डिजाइन, ले-आउट तथा लागत इस्टिमेट प्राविधिकबाट तयार भएको हुनु पर्नेछ।

(छ) संरक्षित संरचनामा प्रस्तावित बालीको खेतीमा अनुभव तथा जनशक्तिको विवरण पेश गर्नु पर्नेछ।

(ज) आवेदकले आफ्नो लागत अंश व्यहोर्न सक्ने क्षमता भएको प्रमाण पेश गरेको हुनु पर्नेछ।

(झ) दफा १० को उपदफा (४) को तालिका अनुसारको न्यूनतम क्षेत्रफलका आधारमा यसै साथ संलग्न अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्ताव पेश गरेको हुनु पर्नेछ।

(ञ) प्रस्तावित परियोजना स्थलमा सडक, सिंचाई, बिजुली, लगायतका सुविधाहरु भएको विवरण पेश गर्नु पर्नेछ।

(ट) समान प्रयोजनका लागि अन्य कुनै स्रोतबाट अनुदान नलिएको स्व-घोषणा पत्र पेश गर्नु पर्नेछ।

(ठ) स्थानीय तहले स्थानीय रुपमा कार्यक्रम सञ्चालनको सिफारिस र कृषि ज्ञान केन्द्रको प्राविधिक उपयुक्तताको सिफारिस पेश गर्नु पर्नेछ।

६. अनुदान उपलब्ध गराउने कृयाकलाप र अनुदानको सिमाः

- प्रति अनुदानग्राही एक वटा संरचना
- कूल लागतको बढिमा ५० प्रतिशत वा तालिकामा उल्लेख अधिकतम रकम मध्य जुन कम हुन आउँछ, सो रकम अनुदानमा दिन सकिनेछ।

| क्र.सं. | विवरण | प्रति इकाई न्यूनतम क्षेत्रफल (व.मि.) | अनुदान दर प्रति व.मि. रु. | प्रति इकाई अधिकतम अनुदान रकम रु. | भौगोलिक उपयुक्तता |
|---|---|---|---|---|---|
| १ | एग्रीनेट हाउस (थोपा सिंचाई र प्लाष्टिक मल्च सहित) | ३९५६ | ५२५ | २०,७६,९०० | तराई क्षेत्रको लागि |
| २ | नेचुरल्ली भेण्टिलेटेड पोलिहाउस (थोपा सिंचाई र प्लाष्टिक मल्च सहित) | १००८ | १,४५० | १४,६१,६०० | समुद्री सतहबाट २५०० मिटर उचाई सम्मका स्थानका लागि |

- प्रति इकाई वा संरचना तोकिए बमोजिमको न्यूनतम क्षेत्रफल हुनुपर्नेछ भने सो भन्दा बढि क्षेत्रफलमा निर्माण कार्य गरिएता पनि अनुदान सिमा माथि तालिकामा तोकिएको अधिकतम रकम भन्दा बढ्ने छैन।

७. आवेदकको किसिमः कृषक समूह, कृषि सहकारी, निजी कृषि कम्पनी र निजी कृषि फार्म।

८. आवेदन बुझाउने स्थानः कृषि विकास निर्देशनालय, बुटवल तथा सम्बन्धित कृषि ज्ञान केन्द्रहरु, नवलपरासी, पाल्पा, अर्घाखाँची, कपिलवस्तु, दाङ, बाँके, रोल्पा वा एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयहरु, प्युठान, बर्दिया र पूर्वि रुकुम

<u>नोटः</u>

माथि उल्लेखित कार्यविधिहरु तथा आवेदनका नमूना फर्मेटहरु यस निर्देशनालय तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको वेबसाइट doad.p5.gov.np तथा molmac.p5.gov.np बाट डाउनलोड गरी हेर्न सकिने छ। साथै थप जानकारीको लागि यस निर्देशनालयको सम्पर्क नं ०७१-४२०५४३/४२००१२ तथा स। सम्बन्धित कृषि ज्ञान केन्द्रमा सम्पर्क गर्न सकिने छ ।